# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, पुस २१ गते २०३२ साल [ संख्या ३८

श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले कन्टेनराइड रोड ट्रान्सपोर्ट सर्भिस आयोजना स्थल निर्माण गर्नको लागि नारायणी अञ्चल, मकवानपुर जिल्ला, हेटौंडा नगर पञ्चायत वडा नं. २ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व काठमाडौं–वीरगंज मुल सडक, पश्चिम डिलपाखो, उत्तर नेपाल रोपवे एरिया दक्षिण नगर पञ्चायतले निर्माण गरेको राप्ती नदीतर्फ जाने कच्ची रोड यति ४ किल्ला–भित्रको कि.नं. १४ मध्येबाट ०–८–४, कि.नं. १५ मध्येबाट ०–१७–१३, कि.नं. १६ मध्येबाट १–१२–१२, समेतको जम्मा मालपोत रू. ११३।९९ (एक सय तेन्ह रूपैयाँ उनान्सय पैसा) लाग्ने जम्मा जग्गा बिगहा २–१८–९ (दुई बिगहा अठार कठ्ठा नौ धुर) को कित्ता ।

आज्ञाले–
नारायणप्रसाद अर्जेल
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६९